# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ११ साउन २०८०

# बिहीवार

# बैठक सङ्ख्या- ३१

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०१ बजे प्रारम्भ भयो ।

**(११:०१ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

(प्रमुख प्रतिपक्षी दलका माननीय देवेन्द्र दाहालले टेबुल ठोकेर केही कुरा भन्न खोज्नुभएको ।)

माननीय देवेन्द्र दाहाल, के छ आफ्नो भनाइ सङ्क्षेपमा राख्नु ।

**(११:०३ बजे)** **<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यही श्रावण ३ गते नेपालमा एउटा ठुलो परिणाममा त्रिभुवन विमानस्थलको माध्यमबाट सुन तस्करी भएको छ । र त्यसपछाडि पनि हाम्रो बैठक बसेको थियो ४ गते । उक्त बैठकमा सत्ता पक्षकै माननीयज्यूहरूले र हामीले पनि यस विषयमा केही विषयहरू उठाएका थियौं । र यो विषय निकै गम्भीर भएर आएको छ अहिले यति बेला । र यति बेला नेपाल सुन

तस्करीको ट्रान्जिट पोइन्ट भएको छ । जब जब सरकार कमजोर हुन्छ, राज्य कमजोर हुन्छ वा सरकार स्वयम् यस कुरामा संलग्न हुन्छ । यो अझै मौलाएर जान्छ । यति बेला ठिक त्यस्तै भ'को छ । त्सकारण सम्माननीय अध्यक्ष महोदय, म यो एयरपोर्टमा सुन तस्कारीको प्रकरणको बारेमा केही छोटो आफ्नो भनाइ राख्न चाहन्छु । एउटा प्रक्रिया यहाँ सुरु गरिँदो रहेछ र सुरुमा एउटा try को try गर्नको लागि चाहिँ गत वैशाखभन्दा अगाडि केही यात्रुहरूले personal रूपमा चाहिँ दुइटा पोका brake shoe ल्याएको रैछ र त्यो उनीहरूले यो साइकलको brake shoe को रूपमा ल्याएको रैछ । र उनीहरूले यो प्रवेश गराउन सफल भएछन् । यसलाई उनीहरूले टेष्टको रूपमा लिएका रहेछन् । त्यसपछाडि अब यसलाई कम्पनीको रूपमा दर्ता गर्ने भनेर २०८० को वैशाख १० गतेदेखि चाहिँ रेडी ट्रेड प्रा.ली. को नाममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यलयमार्फत काम सुरु भएको देखिएको छ । र आयातित वस्तु मिश्रित धातुका item हङकङबाट Cathay Pacific Air Cargo को मार्फत ३३/३४ पटक नेपालमा भित्रिएको देखिन्छ । र मिति २०८० जेठ १२ गते एकपटक संयुक्त अरब इमिरेट्सबाट ५२ केजीको पानी तान्ने मेसिन आयात गरिएको रहेछ । र सामान्यतया कम्पनीबाट बनेको पानी तान्ने मेसिनको तौल चाहिँ २० केजी हुने भएको रहेछ । त्यसो हुँदाखेरि यहाँ भएको ३२ केजी चाहिँ यसमा सुन आएको, सुन तस्करी भएर आएको देखिन्छ । (**सम्माननीय अध्यक्ष**ः- मोबाइल बन्द गर्नुपर्‍यो । कहाँ बजिरा' छ, मोबाइल ।) पानी तान्ने मेसिनको भन्सार मूल्य ३५ डलर हुन्छ । तर यसलाई चाहिँ अलि अत्यधिक मूल्य कायम गरेर ४८० डलर कायम गरेर ल्याएको देखिन्छ । र प्रतिप्याकेटमा मोटरसाइकलका लागि प्रयोग हुने २० पिस brake shoe को नाममा उक्त सामान आएको देखिन्छ । यसमा पनि के रहेछ भने सम्माननीय अध्यक्ष महोदय, त्यो brake shoe को प्रतिपिस ३ अमेरिकी डलर मूल्य कायम गरेर आएको रहेछ । जब कि भन्सार मूल्याङ्कन brake shoe को मूल्याङ्कन ७५ cent मात्र हुन्छ, यसरी किन गरियो?

र अर्कोः कुरो ५ सय डलरभन्दा माथिको कारोबार हुँदा बैङ्कमार्फत कारोबार गर्नुपर्ने नियम छल्नका लागि १६० पिसको ४८० डलर मूल्य कायम भएको देखिन्छ । र अर्को कुरो, १६० पिस brake shoe को १५२ केजी तौल रहेको अवस्था छ । जब कि प्रति brake shoe को तौल ४ सय ग्राम हुन्छ । त्यस हिसाबले त्यसको तौल ६४ किलो हुनुपर्ने हो । तर यसमा आयात गरेको प्रति brake shoe को तौल ९ सय ५० ग्राम छ र कुल तौल १५२ केजी रहेको छ । ६४ केजी हुनुपर्नेमा १५२ केजी रहेको छ । हङकङबाट brake shoe लगायतका आयातित सामानको बिक्रेता कतिपय ठाउँहरूमा नखुलाइएको अवस्था रहेछ । जो कार्गो हो carrier कार्गो हो, त्यसले चाहिँ ढुवानीको चलानी रसिदमा चाहिँ सडकबाट उठाएर ल्याको भनेर

लेखे पनि चलन रहेछ । रेडी ट्रेड प्रा.ली. ले ३३ पटक धातुजन्य मिश्रित वस्तु आयात गर्दा २२ पटक भन्सार X-Ray machine ले RC भन्दो रहेछ त्यहाँ, एउटा sign दिँदो रहेछ, recheck भन्दो रहेछ । सङ्केत गर्दो रहेछ । तर भन्सार सुरक्षामा खटिएको टिमले त्यो पुनः check गर्ने काम नगरेको अवस्था देखिएको छ । आयातित वस्तुको भन्सार प्रज्ञापनपत्रमा अनियमितता भएको शङ्का लागेमा विगतमा अर्थ मन्त्रालयको सहसचिवस्तरीय छानबिन समिति बनाउने गरेकोमा यसपटक भने अर्थ मन्त्रालयका उपसचिवको नेतृत्वमा कम्प्युटर अधिकृत, केमिष्ट अधिकृत राखेर समिति बनाएको देखिएको छ । यस कारण यो सुन आयातित गर्ने एक किसिमको सेटिङबाट नै गरेको देखिन्छ, सम्माननीय अध्यक्ष महोदय ।

र अर्को कुरो, महत्त्वपूर्ण कुरो के छ भने जुन दिन करिब १५५ केजी, १५६ ग्राम टोटल त्यसको भार अथवा त्यसको तौल देखिन्छ । त्यसमा १०० किलो सुन भनेर, १०० किलो सुन चाहिँ १०० किलो थियो भनेर भनिएको छ । त्यो ल्याउँदाखेरि त्यो दिन चाहिँ भन्सार प्रमुख पनि अनुपस्थित रहेको र त्यहाँको प्रहरी प्रमुख डीआईजी अर्जुन चन्द पनि बिदामा रहेको । एकैचोट्टि दुई जना बिदामा बस्नुपर्ने अवस्था किन आयो? यो कुरा पनि एउटा शङ्कास्पदको विषय बनेको छ । र बिदामा बसेर त्यसलाई सेटिङ गर्ने काममा लागेको भन्ने यसबाट बुझिन्छ ।

अर्को एउटा विषय छ, सम्माननीय अध्यक्ष महोदय, यो electric cigarette पनि यहाँ ल्याइँदो रहेछ । हवाई यात्रुसँग पटक पटक ल्याएको र पछिल्लो समय ७०० पिस electric cigarette इ-चुरोट भनेर भन्सारले जफत गरेको देखिन्छ । र जफत भएको इ-चुरोटलाई लिलामी गर्न भनेर पूर्वसभामुख कृष्णबहादुर महरा उनका छोराका छोरा राहुल महराले दबाब दिएको, तुरुन्तै त्यो चाहिँ लिलामी गर्नुपर्यो भनेर र त्यहाँ सयौं कल फोन गरेको रेकर्डबाट देखिएको छ भनेर आएको छ । र यसरी इ- चुरोटका नाममा पनि सुन आउने, सुन भित्रिने, त्यसकारणले गर्दाखेरि अहिलेसम्मको अवस्था हेर्दाखेरि के देखियो भने यी सबै कुरामा उच्च तहका नेतृत्व पनि सामेल भएको र उच्च तहका नेतृत्वलाई चाहिँ त्यो अनुसन्धानको दायराभित्र नल्याएको देखिन्छ, के देखियो भने भन्सार कार्यालयबाट चोरी भएको ७ सय पिस इ- चुरोट भित्र करिब साढे ९ किलो सुन भएको अनुमान गरिएको छ भने अहिले भन्सार कार्यालयका storekeeper रेवन्त खड्का पक्राउ परेको छ । उनको घरबाट ६ करोड रुपियाँ बरामद भएको छ । र एउटा अर्को पनि यहाँ नाटक के छ भने त्यो नाटकमा चाहिँ यहाँ ८/९/१० दिनपछाडि गोदाम छापा मारेको भनेर एउटा नाटक पनि गरिएको छ । र यस खालका नाटकहरू गर्दै अगाडि बढिरहेको अवस्था छ ।

त्यसकारण सम्माननीय अध्यक्ष महोदय, म सम्झिन्छु, चार्ल्स शोभराज भन्ने एउटा एक जना तस्कर नेपालमा दशौं वर्ष जेल बसेर फर्केर गए । तिनले के भन्थे भने नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सिङ्गो हात्ती छिराइदिन्छु । र नेपालमा यही श्रावण ३ गते १ सय ५५ किलो ४६८ ग्राम समग्र सुन मात्र १ सय किलो भनिएको छ । र यो साइकलको brake shoe भनेर त्यसभित्र ल्याइएको छ । र हात्ती सरहको १ सय केजी सुन हवाई मार्गबाट भित्रिँदा थाहा नपाउने सरकार, खासगरी गृहमन्त्रीमाथि गम्भीर प्रश्न उठेको छ । सिङ्गो विमानस्थलको सुरक्षा व्यवस्था कस्तो छ? भन्सार चेकिङ्ग, भन्सारको सुरक्षा व्यवस्था कस्तो छ? त्यसको जवाफ कसले दिने हो? गृहमन्त्रीले होइन र? अर्थमन्त्रीले होइन र? सिङ्गो यो सरकारले दिनुपर्ने होइन? तर आफूले कुनै जवाफदेहिता लिनुनपर्ने जस्तो गरी गृहमन्त्री निकै चुर्तिफुर्तिका साथ विमानस्थलमा जानुहुन्छ र कुनै टार, कुनै कोटलाई छाडिँदैन भनेर मन्तव्य दिनुहुन्छ । मेरो विचारमा त जब विमानस्थलको सुरक्षा व्यवस्थालाई छिचोल्दै १००/ १०० किलो सुन विमानस्थल बाहिर पक्राउ खान्छ । त्यसै दिन मैले सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्न सकिन भनेर विमानस्थल भन्सारसँग सम्बन्धित सुरक्षा संयन्त्रलाई Suspense गर्दै यो सम्मानित सदनलाई समेत सम्बोधन गर्दै राजीनामा दिनुपर्ने हो, तर त्यसो भएको छैन सम्माननीय अध्यक्ष महोदय । श्रावण ४ गते उहाँलाई अवसर थियो किनभने त्यसै दिन राष्ट्रिय सभाको बैठक थियो । उक्त सदनलाई सम्बोधन गर्दै उहाँले राजीनामा दिन सक्नुहुन्थ्यो । तर त्यो समय पनि गुज्रिसक्यो, किनभने यो सरकारको गृहमन्त्रीले त्यसो गर्नुभएन, अझै उहाँ त के के न गरियो भनेर जब कि भन्सार कार्यालय त्यसभित्रका सम्पूर्ण कुराहरूलाई छिचोलेर बाहिर आएर चाहिँ सुन पक्राउ पर्‍या छ र के के न गरे भनेँर उहाँ ताउरमाउर गरिरहनुभएको छ ।

एउटा गम्भीर प्रश्न उठेकै छ । यस्तो गम्भीर घटना गृहमन्त्रीको संलग्नता विना हुन सक्ला र? सम्माननीय अध्यक्ष महोदय । त्यसैले यो विषय अब नैतिकताको विषय मात्र रहेन । हामीले अब यो नैतिकताको विषय भनेर उठाउन खोजिरहेका छैनौं । यो त अब ३ गते राजीनामा दिएको भएदेखि त्यो नैतिकताको विषय हुन्थ्यो । किनभने मैले यो सुरक्षालाई व्यवस्थित गर्न सकिनँ भनेर उहाँले राजीनामा दिएको भा' हुन्थ्यो । अब त यो विषय त गृहमन्त्री, अर्थमन्त्रीलगायत विमानस्थलको सुरक्षासँग सम्बन्धित सम्पूर्ण सुरक्षा संयन्त्र र भन्सारमा कार्यरत सम्पूर्ण संयन्त्र अनुसन्धानको घेरामा आएको छ भन्ने मलाई लाग्छ । यो त नैतिकताको विषय मात्रै होइन सम्माननीय अध्यक्ष महोदय । नैतिकताको विषय भएको भए त उहाँले ३ गते नै राजीनामा दिनुहुन्थ्यो । अब त उहाँ अनुसन्धानको घेरामा रहनुपर्छ भन्ने हाम्रो भनाइ छ । त्यसैले सम्माननीय अध्यक्ष महोदय, यस्तो अति नै संवेदनशील विषयमा यो

तस्करीलाई संरक्षण गर्ने सरकारले छानबिन गर्न सक्ने विषय पनि रहेन । त्यसैले यो सुन तस्करी काण्डको जरैदेखि छानबिन गर्नको लागि उच्चस्तरीय संसदीय छानबिन, उच्चस्तरीय छानबिन समिति, उच्चस्तरीय छानबिन समिति भन्नाले त्यो विश्वासिलो भयो भने, विश्वासिलो भयो भने संसदीय पनि हुन सक्छ किनभने हामीले त्यो पनि हेऱ्या छौं । संसदीय छानबिन समिति पनि हेऱ्या छौं । त्यसले एउटा मुसो पनि पत्ता लगाउन सकेन । त्यसकारण यो यदि संसदीय विश्वासिलो छानबिन समिति बन्छ भने यो राष्ट्रिय सभालाई पनि सामेल गरिनुपर्छ । यो राष्ट्रिय सभाका, सभाको पनि त्यसमा सहभागिता हुनुपर्छ, त्यो छानबिन समितिमा । यदि न्यायिक छानबिन समिति बनाउने हो भने त्यसैअनुसार विश्वासिलो छानबिन समिति बनाउनुपर्छ । तर त्यो उच्चस्तरीय छानबिन समिति हुनुपर्छ । र यसको लागि उच्चस्तरीय छानबिन समिति बन्नुपर्छ र त्यसपछाडिका दिनमा यदि त्यस्तो हुँदैन भने यो सदन सायद यसरी नै चलिरहने, यस्ता कुराहरू घटनाहरू भइरहने, अनि सदन चलिरहने होला र सम्माननीय अध्यक्ष महोदय? त्यसकारण त्यसपछाडि हामीले सोच्नुपर्ने हुन्छ । त्यसकारण म आज यो बैठकमार्फत उच्चस्तरीय छानबिन समिति बनोस् । यसमा सरकार, दलहरू सबैको सहभागितामा यो छानबिन समिति बनोस् भनेर जोडदार माग राख्न चाहन्छु । हवस् त, धन्यवाद ।

(११:१३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । माननीय सदस्य फेरि ।

(प्रमुख प्रतिपक्षी दलका माननीय सदस्य देवेन्द्र दाहाल टेबुल ठोकेर उभिनुभएको ।)

(११:१३ बजे) **<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- ..... (आवाज नसुनिएको ।) मात्रै हामीले आजको सदन सञ्चालन गर्नका लागि हामीले भनेका थियौं सम्माननीय अध्यक्ष महोदयलाई । अरू प्रक्रियाहरू अगाडी नबढाइयोस् । त्यससँग सम्बन्धित विषय मात्रै अगाडि बढाइयोस् भनेर म हार्दिक आग्रह गर्न चाहन्छु ।

(११:१४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, शून्य समयमा सदस्यहरूले बोल्ने कार्यसूचीलाई मैले हटाएको छु ।

माननीय सदस्यहरू, अब म माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङले "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" का सम्बन्धमा बोल्नका लागि समय माग गर्नुभएको छ । अब म उहाँलाई समय उपलब्ध गराउँछु ।

(११:१५ बजे) **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङः-** सम्माननीय अध्यक्ष महोदय, वास्तवमा यो चाहिने अनुचित लेनदेनसम्बन्धी व्यापक रूपमा पीडितहरूको आवाजलाई, आवाज उठिसकेपछि त्यसलाई सम्बोधन गर्नका लागि नेपाल सरकारले अध्यादेश चाहिने जारी गरेको कुरा त सर्वविदितै छ । त्यो अध्यादेश दुवै सदनबाट चाहिने स्वीकृत भएर पनि अगाडि बढ्यो । यो घटना क्रममा, त्यसपछि हामीले त्यसको प्रतिस्थापन विधेयक वास्तवमा संसद चलिसकेपछि त्यो ६० दिनभित्रै प्रतिस्थापित गर्नुपर्ने, कानुनी व्यवस्थाले गर्दाखेरि हामीले त्यसलाई प्रतिस्थापन विधेयकको रूपमा लिएर आएका थियौं । तर समय अलि घर्किसकेको अवस्था पनि थियो एकातिर । र सँगसँगै यो चाहिँने वास्तवमा यो अपरिहार्यता पनि थियो फेरि । हामीले व्यवस्था बदलेसँगै वास्तवमा यो चाहिने सामन्तवाद पनि अन्त गरेम् भन्ने सोचेका थियौं । तर व्यवस्था बदले पनि सामन्तवादका अवशेषहरू बाँकी नै रहेछ भन्ने कुरा यो चाहिने अनुचित लेनदेनको घटनाहरू जब हामीले देख्न थाल्यौं, तब फेरि हामीले त्यो कुराप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भयो । त्यसो भा' कारणले गर्दाखेरि पनि यो अपरिहार्यता पनि थियो । त्यसकारणले गर्दाखेरि यसलाई हामीले छिटो द्रुत गतिमै लिएर अघि बढ्ने सन्दर्भहरू जोड्दा जोड्दै पनि, कार्यहरू गर्दा गर्दै पनि, कर्महरू गर्दा गर्दै पनि तर चाहिने जुन ढङ्गबाट यहाँ सम्मानित चाहिने यो राष्ट्रिय सभाबाट प्रतिस्थापन विधेयक चाहिने पारित भएर, सर्वसम्मत पारित भएर यो प्रतिनिधि सभामा गएको अवस्था थियो । तर त्यो प्रतिस्थापन विधेयक हामीले ठ्याकै त्यो समयभित्रै पारित गरेर फेरि यता राष्ट्रिय सभामा पठाउनुपर्ने अवस्था रहँदाखेरि केही विशेष अप्ठ्याराहरू परे । प्रतिनिधि सभाभित्र केही विशेष अप्ठ्यारोहरू पनि पऱ्यो । यो कुरा मैले जानकारी गराउनुपर्छ यहाँ । त्यसपछि शून्यतामा गयो । शून्यतामा गइसकेपछि, कानुनी शून्यतामा गइसकेपछि फेरि हामीले त्यस, त्यो प्रतिस्थापन रूपमा गएको विधेयकलाई सबै सरसल्लाह गरेर हामीले त्यसलाई सामान्य विधेयककै रूपमा फेरि संशोधनसहित सर्वसम्मत रूपमा हामीले फेरि राष्ट्रिय सभातर्फ चाहिने पारित गरेर पठाएको कुरा पनि निवेदन गर्न चाहें ।

यस सन्दर्भमा सबभन्दा पहिले म नेपाल सरकारको तर्फबाट म चाहिने यसमा धेरै कमी कमजोरी भए, प्रक्रियागत ढङ्गमा पनि कमजोरी भयो । सँगसँगै प्रतिस्थापन विधेयकको रूपमा

यहाँबाट उत्पत्ति भएको विधेयक हामीले त्यहाँबाट सामान्य विधेयककै रूपमा पठाउनुपर्ने बाध्यता, यो अपरिहार्यताको आवश्यकताको लाई हेरेर, त्यो बाध्यता परिआएको सन्दर्भमा म माफी चाहन्छु, सबभन्दा पहिले त । किन भन्दाखेरि यहाँबाट एउटा भनेर पठाउनुभो' फेरि उताबाट अर्को भनेर हामीले पठाउनुपर्ने बाध्यता पनि आइपर्‍यो । त्यसकारणले गर्दाखेरि त्यो बाध्यताको चाहिने यो चाहिने बाध्यताको अवस्थामा हामीले यो चाहिँने अपरिहार्यताको लाई पनि हेरेर त्यो सामान्य विधेयकको रूपमा जसरी पठायौं, त्यस सन्दर्भमा मैले नेपाल सरकारको तर्फबाट यहाँ उभिएर चाहिँ माफी माग्न चाहन्छु । किन भन्दाखेरि चाहिँने पीडितको पक्षमा मैले आज फेरि पनि उभिनुपर्छ, सिङ्गो मुलुक उभिनुपर्दछ, राष्ट्रिय सभा, प्रतिनिधि सभा दुवै सदनहरू पीडितकै पक्षमा उभिने हो । सामन्तवादको अवशेषहरूको अन्तका लागि हामीहरू एकै ठाउँमा उभिनै पर्छ, उभिन्छौं पनि । हामी कोही पनि सामन्तवादको अवशेषको पक्षमा कोही पनि उभिँदैनौं । त्यसकारणले गर्दाखेरि पनि मलाई लाग्छ, चाहिँने रूप फेरे पनि फेरेर आए पनि, त्यो विधेयकको सार चाहिँ फेरिएको छैन भन्ने मलाई फेरि लागि राख्याछ । त्यो भा'को कारणले गर्दाखेरि पनि त्यो सार नफेरिकन रूप त फेरियो । त्यसमा अघि नै माफी पनि मागे । र त्यसको सार चाहिने सारभूत रूपमा त्यसले फेरि वास्तवमा पीडकहरूलाई यो चाहिने अनुचित लेनदेन गर्ने पीडकहरूलाई फेरि कानुनी दायराभित्र ल्याउने काम गर्छ यो विधेयकले । त्यसो भा' कारणले गर्दाखेरि सारभूत रूपमा सार चाहिँ नफेरेको रूप चाहिँ फेरेको अवस्थामा आइपुग्नुपर्दाखेरि म दु:खित छु । मैले चाहिने माफी पनि चाहन्छु । र फेरि अब आइन्दा, आउँदा दिनहरूमा यसरी चाहिँने त्रुटिहरू, कमजोरीहरू सरकारको पक्षबाट चाहिने नहुने कुराको पनि म प्रतिबद्धता चाहिने यहाँ जाहेर गर्न चाहन्छु । र यो चाहिने विधेयकलाई अगाडि बढाइदिनको लागि पनि अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**(११:२० बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावलीको नियम ९३ को उपनियम ३ मा अध्यादेश प्रतिस्थापन गर्ने विधेयकलाई अधिवेशन सुरु भएको साठी दिनभित्र पारित गरी राष्ट्रपतिबाट प्रमाणीकरण भइसक्नुपर्ने व्यवस्था भए तापनि माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीको वक्तव्य र वर्तमान आवश्यकतालाई समेत मध्यनजर गर्दै नेपालको संविधानको धारा १०३ को उपधारा (२) को विषेशाधिकार प्रयोग गरी यस्तो प्रकृतिको विधेयक पारित गर्ने समय अवधि आगामी दिनमा नजिरको रूपमा नरहने गरी "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" लाई अगाडि बढाउने जानकारी गराउँछु । साथै विधि निर्माण प्रक्रियामा समयको महत्त्वप्रति सचेत रहँदै

संविधान र कानुनमा भएका व्यवस्थाहरूको पालना गर्न सम्बन्धित सबै पक्षको ध्यान आकर्षण गराउँदछु ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई राष्ट्रिय सभाले पारित गरी सन्देशसहित प्रतिनिधि सभामा पठाएको "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" का सम्बन्धमा प्रतिनिधि सभामा प्राप्त सन्देश सभासमक्ष टेबुल गर्न अनुमति लिन्छु ।

(११:२२ बजे) **राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याल**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाले पारित गरी सन्देशसहित प्रतिनिधि सभामा पठाएको "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" प्रतिनिधि सभाबाट पारित गरी फिर्ता पठाएको सन्देश प्राप्त भएको छ । अध्यक्ष महोदयको अनुमतिले सन्देशको बेहोरा यस सम्मानित सभासमक्ष जानकारी गराउँछु ।

श्री सचिवज्यू,
राष्ट्रिय सभा,

**विषयः- सन्देशसहित विधेयक फिर्ता पठाइएको ।**

संवत् २०८० साल असार ३१ गते आइतवार बसेको प्रतिनिधि सभाको बैठकले राष्ट्रिय सभामा उत्पति भएको "मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८०" लाई सभाले स्वीकार गरेको संशोधनसहित पारित गरेकाले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १३३ को उपनियम (५) बमोजिम सभाले स्वीकार गरेको उक्त संशोधनको सक्कलप्रति यसैसाथ राखी सन्देशसहित विधेयक फिर्ता पठाइएको बेहोरा अनुरोध गर्दछु ।

पद्मप्रसाद पाण्डेय
सचिव
मितिः २०८०/०४/०१

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावलीको नियम १२३ को उपनियम (१) बमोजिम उक्त सन्देश यस सम्मानित सभासमक्ष टेबल गर्दछु । धन्यवाद ।

मानीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक आजै ३१ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक आजै ३१ मिनेटपछि बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः ११:२५ बजे ।**